# नेपाल सरकार

## शिक्षक सेवा आयोग

**निम्न माध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन - २०७८**

**(प्रथम पटक प्रकाशित मितिः २०७८।०९।०७)**

सामुदायिक विद्यालयको निम्न माध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले आयोगको आधिकारिक अनलाइन दरखास्त प्रणाली https://online.tsc.gov.np/ बाट अनलाइन दरखास्त दिनुहुन यो विज्ञापन प्रकाशित गरिएको छ ।

**विषयः (०१) नेपाली**

| क.सं. | समूह ☞ | खुला | महिला | | आदिवासी / जनजाति | मधेशी | दलित | अपाङ्गता | पिछडिएको क्षेत्र | जम्मा पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | दलित महिला | | | | | | |
| | **विज्ञापन नं. ☞** | २०१०१। ७८।७९ | २०२०१। ७८।७९ | २०३०१। ७८।७९ | २०५०१। ७८।७९ | २०६०१। ७८।७९ | २०७०१। ७८।७९ | २०८०१। ७८।७९ | २०९०१। ७८।७९ | |
| १ | प्रदेश नं. १ | ७३ | १९ | १ | १६ | १३ | ५ | ३ | २ | १३२ |
| २ | प्रदेश नं. २ | १९ | ५ | | ४ | ४ | १ | १ | १ | ३५ |
| ३ | वागमती प्रदेश | ३४ | ९ | | ७ | ६ | ३ | १ | १ | ६१ |
| ४ | गण्डकी प्रदेश | ४८ | १२ | १ | १० | ९ | ३ | २ | २ | ८७ |
| ५ | लुम्बिनी प्रदेश | २८ | ७ | | ६ | ५ | २ | १ | १ | ५० |
| ६ | कर्णाली प्रदेश | १९ | ५ | | ४ | ४ | १ | १ | १ | ३५ |
| ७ | सुदूरपश्चिम प्रदेश | २० | ६ | | ४ | ४ | १ | १ | १ | ३७ |
| | **जम्मा** | **२४१** | **६३** | **२** | **५१** | **४५** | **१६** | **१०** | **९** | **४३७** |

**विषयः (०२) अङ्ग्रेजी**

| क.सं. | समूह ☞ | खुला | महिला | | आदिवासी / जनजाति | मधेशी | दलित | अपाङ्गता | पिछडिए को क्षेत्र | जम्मा पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | दलित महिला | | | | | | |
| | **विज्ञापन नं. .☞** | २०१०२ ।७८।७ ९ | २०२०२। ७८।७९ | २०३०२। ७८।७९ | २०५०२। ७८।७९ | २०६०२। ७८।७९ | २०७०२। ७८।७९ | २०८०२। ७८।७९ | २०९०२। ७८।७९ | |
| १ | प्रदेश नं. १ | ९५ | २४ | १ | २१ | १७ | ७ | ४ | ३ | **१७२** |
| २ | प्रदेश नं. २ | २५ | ७ | | ५ | ४ | २ | १ | १ | **४५** |
| ३ | वागमती प्रदेश | ५२ | १३ | १ | १२ | ९ | ४ | २ | २ | **९५** |
| ४ | गण्डकी प्रदेश | ८१ | २१ | १ | १८ | १५ | ६ | ३ | ३ | **१४८** |
| ५ | लुम्बिनी प्रदेश | ३४ | ९ | | ७ | ६ | ३ | १ | १ | **६१** |
| ६ | कर्णाली प्रदेश | २४ | ६ | | ५ | ४ | २ | १ | १ | **४३** |
| ७ | सुदूरपश्चिम प्रदेश | ३३ | ९ | | ७ | ६ | ३ | १ | १ | **६०** |
| | **जम्मा** | **३४४** | **८९** | **३** | **७५** | **६१** | **२७** | **१३** | **१२** | **६२४** |

### विषय : (०३) गणित

| क्र.सं. | समूह ☞ | खुला | महिला | | आदिवासी / जनजाति | मधेशी | दलित | अपाङ्गता | पिछडिएको क्षेत्र | जम्मा पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | दलित महिला | | | | | | |
| | विज्ञापन नं. ☞ | २०१०३। ७८ ।७९ | २०२०३। ७८ ।७९ | २०३०३। ७८ ।७९ | २०५०३।० ७८ ।७९ | २०६०३। ७८ ।७९ | २०७०३। ७८ ।७९ | २०८०३। ७८ ।७९ | २०९०३। ७८ ।७९ | |
| १ | प्रदेश नं. १ | ५७ | १४ | १ | १३ | १० | ४ | २ | २ | १०३ |
| २ | प्रदेश नं. २ | १७ | ५ | | ४ | ३ | १ | १ | | ३१ |
| ३ | वागमती प्रदेश | ४७ | १२ | १ | १० | ९ | ३ | २ | २ | ८६ |
| ४ | गण्डकी प्रदेश | ४७ | १२ | १ | १० | ९ | ३ | २ | २ | ८६ |
| ५ | लुम्बिनी प्रदेश | १९ | ५ | | ४ | ४ | १ | १ | १ | ३५ |
| ६ | कर्णाली प्रदेश | ८ | २ | | २ | २ | १ | | | १५ |
| ७ | सुदूरपश्चिम प्रदेश | ८ | २ | | २ | २ | १ | | | १५ |
| | जम्मा | २०३ | ५२ | ३ | ४५ | ३९ | १४ | ८ | ७ | ३७१ |

### विषयः (०४) विज्ञान

| क्र.सं. | समूह ☞ | खुला | महिला | | आदिवासी / जनजाति | मधेशी | दलित | अपाङ्गता | पिछडिएको क्षेत्र | जम्मा पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | दलित महिला | | | | | | |
| | विज्ञापन नं. ☞ | २०१०४। ७८ ।७९ | २०२०४ ।७८ ।७९ | २०३०४। ७८ ।७९ | २०५०४। ७८ ।७९ | २०६०४। ७८ ।७९ | २०७०४ ।७८ ।७९ | २०८०४ ।७८ ।७९ | २०९०४। ७८ ।७९ | |
| १ | प्रदेश नं. १ | ५६ | १४ | १ | १२ | १० | ४ | २ | २ | १०१ |
| २ | प्रदेश नं. २ | १९ | ५ | | ४ | ४ | १ | १ | १ | ३५ |
| ३ | वागमती प्रदेश | ५५ | १४ | १ | १२ | १० | ४ | २ | २ | १०० |
| ४ | गण्डकी प्रदेश | ५६ | १४ | १ | १२ | १० | ४ | २ | २ | १०१ |
| ५ | लुम्बिनी प्रदेश | ३३ | ९ | | ७ | ६ | ३ | १ | १ | ६० |
| ६ | कर्णाली प्रदेश | १६ | ४ | | ३ | ३ | १ | १ | १ | २९ |
| ७ | सुदूरपश्चिम प्रदेश | ८ | २ | | २ | १ | १ | | | १४ |
| | जम्मा | २४३ | ६२ | ३ | ५२ | ४४ | १८ | ९ | ९ | ४४० |

### विषयः (०५) सामाजिक अध्ययन

| क्र.सं. | समूह ☞ | खुला | महिला | | आदिवासी / जनजाति | मधेशी | दलित | अपाङ्गता | पिछडिएको क्षेत्र | जम्मा पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | दलित महिला | | | | | | |
| | विज्ञापन नं. ☞ | २०१०५। ७८ ।७९ | २०२०५। ७८ ।७९ | २०३०५। ७८ ।७९ | २०५०५ ।७८ ।७९ | २०६०५। ७८ ।७९ | २०७०५। ०७८ ।७९ | २०८०५ ।७८ ।७९ | २०९०५। ७८ ।७९ | |
| १ | प्रदेश नं. १ | ५८ | १५ | १ | १३ | ११ | ४ | २ | २ | १०६ |
| २ | प्रदेश नं. २ | १५ | ४ | | ३ | ३ | १ | १ | | २७ |
| ३ | वागमती प्रदेश | २८ | ८ | | ६ | ५ | २ | १ | १ | ५१ |
| ४ | गण्डकी प्रदेश | ४२ | ११ | | ९ | ८ | ३ | २ | १ | ७६ |
| ५ | लुम्बिनी प्रदेश | २० | ६ | | ४ | ४ | १ | १ | १ | ३७ |
| ६ | कर्णाली प्रदेश | ८ | २ | | २ | १ | १ | | | १४ |
| ७ | सुदूरपश्चिम प्रदेश | २३ | ६ | | ५ | ४ | २ | १ | १ | ४२ |
| | जम्मा | १९४ | ५२ | १ | ४२ | ३६ | १४ | ८ | ६ | ३५३ |

### विषयः (१८) शुक्लयजुर्वेद

| क्र.सं. | समूह ☞ | खुला |
|---|---|---|
| | विज्ञापन नं. ☞ | २०११८। ७८।७९ |
| १ | प्रदेश नं. १ | १ |

### विषयः(१९) गणित–विज्ञान

| क्र.सं. | समूह ☞ | खुला | महिला | | आदिवासी / जनजाति | मधेशी | दलित | अपाङ्गता | पिछडिएको क्षेत्र | जम्मा पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | दलित महिला | | | | | | |
| | विज्ञापन नं. ☞ | २०११९। ७८।७९ | २०२१९। ७८।७९ | २०३१९। ०७८।७९ | २०५१९।७ ८।७९ | २०६१ ९।७८। ७९ | २०७१९। ७८।७९ | २०८१९। ७८।७९ | २०९१९। ७८।७९ | |
| १ | प्रदेश नं. १ | ८९ | २३ | १ | १९ | १६ | ६ | ४ | ३ | १६१ |
| २ | प्रदेश नं. २ | ११ | ३ | | २ | २ | १ | १ | | २० |
| ३ | वागमती प्रदेश | २१ | ६ | | ४ | ४ | १ | १ | १ | ३८ |
| ४ | गण्डकी प्रदेश | २४ | ६ | | ५ | ४ | २ | १ | १ | ४३ |
| ५ | लुम्बिनी प्रदेश | १८ | ५ | | ४ | ३ | १ | १ | १ | ३३ |
| ६ | कर्णाली प्रदेश | १२ | ३ | | ३ | २ | १ | १ | | २२ |
| ७ | सुदूरपश्चिम प्रदेश | २६ | ७ | | ६ | ४ | २ | १ | १ | ४७ |
| | **जम्मा** | **२०१** | **५३** | **१** | **४३** | **३५** | **१४** | **१०** | **७** | **३६४** |

### विषयः (२०) संस्कृत व्याकरण

| क्र.सं. | समूह ☞ | खुला |
|---|---|---|
| | विज्ञापन नं. ☞ | २०१२०। ०७८।७ ९ |
| १ | प्रदेश नं. १ | १ |
| २ | गण्डकी प्रदेश | १ |
| ३ | लुम्बिनी प्रदेश | १ |
| | **जम्मा** | ३ |

### विषयः (२१) संस्कृत भाषा

| क्र.सं. | समूह ☞ | खुला |
|---|---|---|
| | विज्ञापन नं. ☞ | २०१२१। ७८।७९ |
| १ | प्रदेश नं. १ | १ |
| २ | वागमती प्रदेश | १ |
| ३ | गण्डकी प्रदेश | १ |
| ४ | लुम्बिनी प्रदेश | १ |
| | **जम्मा** | ४ |

### विषयः (२९) संस्कृत कर्मकाण्ड

| क्र.सं. | समूह ☞ | खुला |
|---|---|---|
| | विज्ञापन नं. ☞ | २०१२९।७८।७९ |
| १ | वागमती प्रदेश | १ |

**१. परीक्षाको किसिमः-** क) लिखित परीक्षा (सामान्य र विषयगत)
ख) अन्तर्वार्ता

**२. परीक्षा सञ्चालन :-**

क) लिखित परीक्षा (सामान्य) सञ्चालन हुने मिति र समय: २०७८।१२।१७ गते बिहान ११:०० बजे ।

ख) लिखित परीक्षा (विषयगत) को मिति सामान्य परीक्षाको नतिजा प्रकाशन हुँदा तोकिने छ ।

ग) अन्तर्वार्ता हुने मिति, समय र स्थान :- लिखित परीक्षा (विषयगत) को नतिजा प्रकाशन हुँदा तोकिने छ ।

**३. परीक्षा केन्द्रः-** प्रदेश नं. १ को मोरङ, प्रदेश नं. २ को धनुषा, वागमती प्रदेशको मकवानपुर, गण्डकी प्रदेशको कास्की, लुम्बिनी प्रदेशको दाङ, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लामा हुनेछ ।अन्य विस्तृत जानकारी आयोगको वेबसाइटमा पछि प्रकाशन गरिनेछ।

**४. दरखास्त दस्तुरः-** रु ७००/- (प्रत्येक समावेशी समूहको लागि थप रु ५००/-का दरले) बुझाउनु पर्नेछ ।

**५. दरखास्त** दिने **अन्तिम मितिः** २०७८।१०।०६ गते ।

**६ दोब्बर दस्तुर बुझाई दरखास्त दिने मितिः २०७८।१०।१३ गतेसम्म ।**

७. **उम्मेदवारको उमेरको हदः** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको ।

**८. दरखास्तको माध्यमः-**

विज्ञापन भएको पदमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त दिनुपर्नेछ । आयोगको आधिकारिक वेबसाइट **https://online.tsc.gov.np/** मा Click गरी अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त पेस गर्न सकिनेछ र दरखास्त पेस गर्ने विधि सम्बन्धी विस्तृत जानकारी वेबसाइट **https://online.tsc.gov.np/** (प्रयोगकर्ता पुस्तिका) मा हेर्न सकिनेछ ।

**९. दरखास्त दस्तुर बुझाउने बैंक र विधिः-**

आयोगको अनलाइन दरखास्त प्रणालीबाट फाराम **submit** गरिसकेपछि **दरखास्त पेश गरेको विवरण**मा Click गर्ने। त्यसपछि आफूले **Apply** गरेको विज्ञापनमा **दस्तुर बुझाउन यहाँ क्लिक गर्नुहोस्**मा **Click** गर्ने । बैंक **Option** मा राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेडमध्ये कुनै एक **Option** छनोट गर्ने। बैंक छनोट गरिसकेपछि **भौचर प्राप्त गर्नुहोस्मा Click** गर्ने । त्यसपछि भौचर प्रिन्ट गरी सोही भौचरसहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनु पर्नेछ ।रकम दाखिला (**Payment**) सत्यापन भएपछि मात्र प्रवेश पत्र हेर्न र प्रिन्ट गर्न सकिने छ ।

**१०. दरखास्त दस्तुर बुझाउने अवधिः-**

दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट बैंकिङ्क कारोवार हुने समयभित्र र दोब्बर दस्तुर तिरी दरखास्त पेस गर्नेको हकमा सो को अन्तिम दिनको भोलिपल्ट बैंकिङ्क कारोवार हुने समयभित्र अनिवार्य रुपमा बुझाई सक्नुपर्नेछ ।

**११. उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यताः-**

(क) नेपाली नागरिक ।

(ख) शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधन सहित) को नियम १० बमोजिम अयोग्य नभएको ।

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको ।

तर, कुनै उम्मेदवारले २०० पूर्णाङ्कको शिक्षा सम्बन्धी विषय लिई माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको भए तालिम प्राप्त गरेको मानिनेछ ।

(घ) सामाजिक अध्ययन विषय अन्तर्गत अर्थशास्त्र, इतिहास, ग्रामीण विकास, भूगोल, नागरिकशास्त्र, राजनीतिशास्त्र, दर्शनशास्त्र, नीतिशास्त्र, मनोविज्ञान, मानवशास्त्त्र, समाजशास्त्र, जनसंख्या शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा विषयहरु पर्नेछन् ।

(ङ) गणित-विज्ञान विषयको हकमा गणित र विज्ञान दुबै विषयमा २००/२०० पूर्णाङ्क लिई प्रकरण (ग) बमोजिम योग्यता पुगेको हुनु पर्नेछ ।

(च) निम्न माध्यमिक तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।

**(छ) अध्यापन अनुमतिपत्र सम्बन्धमा थप व्यवस्थाः-**

- विषय नखुलेका स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेका व्यक्तिले प्रकरण (ग) बमोजिमको सम्बन्धित विषयमा उम्मेदवार हुन सक्नेछन् ।
- विषयगत स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेका व्यक्तिले सम्बन्धित विषयमा मात्र उम्मेदवार हुन सक्नेछन् ।
- गणित-विज्ञान विषयको हकमा विज्ञान र गणित मध्ये कुनै एक विषयको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको व्यक्तिले उम्मेदवार हुन सक्नेछन् ।
- संस्कृत विषयहरु (भाषा, शुक्लयजुर्वेद, व्याकरण र कर्मकाण्ड) को हकमा नेपाली विषयमा स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको व्यक्ति समेत उम्मेदवार हुन सक्नेछन्।
- माथिल्लो तहको विषयगत स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको व्यक्तिहरु सम्बन्धित विषयमा मात्र यस विज्ञापनमा उल्लिखित शिक्षक पदको लागि उम्मेदवार हुन सक्नेछन् । तर त्यस्ता व्यक्तिहरुले शिक्षा विषयमा कम्तिमा १० महिने तालिम प्राप्त गरेको हुनुपर्नेछ ।

(ज) स्थायी शिक्षक पदमा कार्यरत उम्मेदवारलाई उमेरको हद लाग्ने छैन।

(झ) कार्यरत स्थायी शिक्षकले समान तह र श्रेणीको शिक्षक पदमा उम्मेदवार हुन पाइने छैन ।

**१२. अपलोड गर्नुपर्ने कागजातहरु:-**

नागरिकताको प्रमाणपत्र, हालसालै खिचेको फोटो, दस्तखत नमुना, अध्यापन अनुमतिपत्र, न्यूनतम योग्यताको लब्धाङ्कपत्र, समावेशी समूह खुल्ने प्रमाणित कागजात र तालिमको प्रमाणपत्र Scan गरी अनलाइन दरखास्त प्रणालीले निर्दिष्ट गरेको स्थानमा jpeg/jpg format मा upload गर्नुपर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरण र पेश गरिएका कागजातका सम्बन्धमा उम्मेदवार स्वयं नै पूर्ण जवाफदेही हुनु पर्नेछ।

**१३. समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरु:-**

(क) आदिवासी/जनजातिको सम्बन्धमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित भएको कागजात।

(ख) विज्ञापित मधेशी समूहको हकमा तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदायका सम्बन्धमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको संस्थाबाट तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय हो भनी प्रमाणित गरेको कागजात र त्यसरी नतोकिएको भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट तराई मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसङ्ख्यक मुसलमान समुदाय हो भनी प्रमाणित गरेको कागजात।

(ग) दलितका सम्बन्धमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा र सो आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थर भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट त्यसरी सूचीकृत भएको जातिभित्रको थर हो भनी प्रमाणित भएको कागजात।

(घ) अपाङ्गताको हकमा सरोकारवाला निकाय (समाज कल्याण परिषद्, महिला विकास कार्यालय र सम्बन्धित स्थानीय तह) बाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र ।

(ङ) पिछडिएको क्षेत्रको सम्बन्धमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट दरखास्त दिंदाको बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको हो भनी प्रमाणित भएको कागजात।

**१४. विज्ञापन सम्बन्धी थप जानकारी :-**

(क) यस विज्ञापनको प्रतिस्पर्धा र छनोट प्रदेशस्तरमा हुनेछ ।

(ख) कुनै पनि उम्मेदवारले एक प्रदेश एक विषयमा मात्र दरखास्त फाराम पेश गर्न पाइनेछ ।सोही कारणले दरखास्त अस्वीकृत भएमा उम्मेदवार स्वयम् जिम्मेवार र जवाफदेही हुनेछन् ।

(ग) एउटै परीक्षा मार्फत खुला र समावेशी समूहहरूको उम्मेदवार छनोट गरिनेछ ।

(घ) आदिवासी/जनजाति; तराई–मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडावर्ग वा अल्पसंख्यक मुसलमान वा दलित समूहबाट उम्मेदवार हुने व्यक्तिले कुनै एक समुदायको उम्मेदवारको रुपमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछ। तर महिलाको हकमा यो व्यवस्था लागू हुने छैन ।

(ङ) विज्ञापन प्रकाशन भएको मितिले २१ दिनभित्र पद थपघट गर्न सम्बन्धित निकायबाट माग भई आएमा थपघट हुन सक्नेछ ।

(च) दोब्बर दस्तुरको समयावधिलाई उमेर, शैक्षिक योग्यता र तालिम प्रयोजनका लागि गणना गरिने छैन ।

(छ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको लगायत रित नपुगेको वा कुनै शर्त राखिएको दरखास्त स्वीकृत गरिने छैन ।

(ज) कुनै उम्मेदवारले झुट्टा विवरण (कागजात) पेश गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको दरखास्त जुनसुकै बखत रद्द गरी प्रचलित कानूनबमोजिम कारवाही गरिनेछ ।

(झ) अपाङ्गता भएको कारण आफैले लेख्न नसक्ने (दृष्टिविहीन, 'ग' वर्गको न्यून दृष्टि र दुबै हात नचल्ने (अपाङ्गता) उम्मेदवारले सहयोगी लेखक माग गरेमा सम्बन्धित तहका लागि तोकिएको न्यूनतम योग्यताभन्दा कम्तीमा एक तह मुनीको योग्यता भएको व्यक्तिलाई सहयोगी लेखकको रूपमा परीक्षामा बस्न उम्मेदवारको स्थायी बसोबास भएको जिल्ला वा परीक्षा केन्द्र रहेको जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइले अनुमति दिन सक्नेछ। यस्तो सहयोगी लेखकले तोकिएको तह एक वर्ष अगाडि मात्र उत्तीर्ण गरेको हुनुपर्नेछ।

(ञ) विदेशी शिक्षण संस्थाको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

(ट) लिखित परीक्षा (सामान्य) मा उत्तीर्ण हुने उम्मेदवार मात्र विषयगत परीक्षामा सहभागी हुन पाउनेछन् ।

(ठ) पाठ्यक्रम तथा नमुना प्रश्नपत्र आयोगको वेबसाइट **www.tsc.gov.np/डाउनलोड मा Click गरी पाठ्यक्रम/नमुना प्रश्नपत्र** प्राप्त गर्न सकिनेछ ।